'व्यवस्था होइन अवस्था सुधारे पुग्छ'

कुनै बेला वैकल्पिक राजनीतिक शक्तिका रूपमा उदाउने सम्भावना बोकेको विवेकशील साझा पार्टीको क्रियाशीलता अचेल कम देखिन्छ। राजनीतिक दलहरूबीच ध्रुवीकरण बढिरहँदा विवेकशील साझा पार्टीको उपस्थिति कतै देखिँदैन। २०७४ सालको स्थानीय निर्वाचनमा पर्याप्त तरंग पैदा गरेर आमनिर्वाचनमा दुई लाखभन्दा बढी मत हासिल गरेको विवेकशील साझा पार्टी विभाजनपश्चात् निरन्तर ओझेलमा पर्दै आएको छ। यद्यपि सो पार्टीका नेताहरू भने नयाँ ढंगले अगाडि बढ्न पार्टी आन्तरिक गतिविधिमा व्यस्त रहेको बताउँछन्। पछिल्लो राजनीतिक परिवेश, राजनीतिक दलहरूबीच बढ्दो ध्रुवीकरण र वैकल्पिक राजनीतिका विषयमा केन्द्रित रहेर विवेकशील साझा पार्टीकी अध्यक्ष समीक्षा बाँस्कोटासँग हिमालय टाइम्सका लागि नकुल अर्याललेे गर्नुभएको कुराकानी :

समीक्षा बाँस्कोटा, अध्यक्ष, विवेकशील साझा पार्टी

- वैकल्पिक राजनीतिको एजेण्डा हामीले स्थापित गराएका हौं।
- जनताले व्यवस्थाभन्दा अवस्थामा सुधार खोजेका हुन्।
- जनतालाई सेवा सुविधा दिने विषय दलहरूको प्राथमिकतामा परेन।
- वैकल्पिक राजनीतिलाई कमजोर बनाउन रवीन्द्र मिश्रको भूमिका रह्यो।
- रास्वपाले वैकल्पिक राजनीतिको प्रतिनिधित्व गर्दैन।

मुलुकको पछिल्लो राजनीतिक परिवेश निकै तरंगित छ। व्यवस्थाको पक्ष र विपक्षमा राजनीतिक दलहरू ध्रुवीकरण भइरहेका छन्। विवेकशील साझा पार्टीचाहिँ के गरिरहेको छ ?

विवेकशील साझा पार्टी विवेकशील नेपाली दलको अभियानबाट परिष्कृत भएको पार्टी हो। स्थापना हुँदैदेखि नै विवेकशील साझा पार्टीले व्यवस्थालाई भन्दा जनताको अवस्थालाई प्राथमिकता दिएको हो। हामीले संविधानले स्थापना गरेको राजनीतिक व्यवस्थालाई स्वीकार गरेर नै अब व्यवस्था बदल्ने होइन अवस्था बदल्ने भनेर वैकल्पिक राजनीतिको प्रारम्भ गराएका हौं। अहिले व्यवस्था पक्षधर र व्यवस्थाविरोधी भनेर जुन ध्रुवीकरण भइरहेको छ यसमा हामीले स्पष्ट पार्नुपर्ने कुनै विषय छैन। किनकि हामी कहिल्यै अलमलमा छैनौं। संविधान बनेपछि व्यवस्था सुनिश्चित भएपछि बनेको पार्टीका रूपमा हामीले नागरिकको सेवा प्रवाहलाई नै एजेण्डा बनाएका थियौं। हाम्रो किता क्लियर छ। हामी संविधान मान्छौं। त्यसबाहेक हाम्रो मुद्दा नागरिकको जीवनस्तर उकास्ने, नागरिकलाई चुस्त सेवा प्रवाह गर्ने लगायतका विषयसँग सम्बन्धित छन्। प्रारम्भमा हामीले सर्भिस डेलिभरीको एजेण्डा ल्याउँदा यो राजनीतिक विषय होइन भनेर अपव्याख्या गर्ने प्रयास पनि भयो। तर, आज हाम्रो एजेण्डा नै स्थापित भएको छ। व्यवस्थाका पक्षधरले पनि सर्भिस डेलिभरीमा चुक्यौं, सुधार्छौं भन्नुभएको छ। व्यवस्थाविरोधीले पनि सर्भिस डेलिभरी भएन भन्नुभएको छ। यो अर्थमा हामीले उठाएको व्यवस्था होइन अवस्थालाई प्राथमिकता दिने विषय स्थापित भएको छ।

विवेकशील साझाले यदि जनतालाई सेवा प्रवाहको एजेण्डालाई स्थापित गर्न प्रयत्न गरिरहेको छ भने गतिविधि त केही हुनुपर्ने हो। तपाईंहरू गर्दै चाहिँ के हुनुहुन्छ ?

पछिल्लो वर्ष तपाईंले अन्य परम्परागत राजनीतिक दलहरूको जस्तो गतिविधि विवेकशील साझाले गरेको देख्नुभएन। हामीले राजनीतिक एजेण्डालाई परम्परागतरूपमा प्रस्तुत गर्ने वा खपतका लागि मात्रै प्रचार गर्ने गरेका छैनौं। यद्यपि जनतासँग प्रत्यक्ष सरोकार जोडिएका सवालमा हामीले आफ्ना आवाज उठाएका पनि छौं। अभियान सम्पन्न पनि गरेका छौं। अहिले अनलाइन पेमेन्टमा सरकारले भ्याट लगाएको छ। यसका विरुद्धमा हामीले नै सबैभन्दा पहिले आवाज उठाएका हौं। विवेकशील साझा पार्टीले बितेको केही समय राजनीतिकरूपमा केही कठिन परिस्थितिको सामना गऱ्यो। हामी एउटा उचाइमा पुगिसकेर पनि केही कारण दुर्घटनामा पऱ्यौं। त्यसले हाम्रो संगठन र व्यापकतामा असर गरेको छ। त्यो राजनीतिक समस्याबाट उठेर फेरि पुरानै तागतमा फर्कने प्रयत्न हामीले गरिरहेका छौं। जनताका प्रत्यक्ष सरोकार जोडिएका विषयमा हाम्रा राजनीतिक संयन्त्रमार्फत्, हाम्रा अभिव्यक्तिमार्फत् खबरदारी गरिरहेका छौं। आगामी दिनमा हाम्रो उपस्थिति, हाम्रो खबरदारी अझ बढेको पाउनुहुनेछ। त्यसको आन्तरिक तयारीमा हामी सक्रिय छौं। नयाँ वर्षसँगै हामी अझ बढी प्रभाव देखाउने गरी आउँछौं। अहिले संसदमा हाम्रो उपस्थिति नभएका कारण पनि हाम्रा गतिविधि नजरमा नपरेको हुन सक्छ। विवेकशील साझाले नै आन्दोलन गरेर न्यायिक प्रक्रियाबाट समेत विदेशमा रहेका नेपालीले मतदान गर्न पाउने अधिकार स्थापित गराएको छ। अहिले कानुनमा त्यसलाई समेट्नका लागि दबाव दिइरहेका छौं।

विवेकशील साझाको सांगठनिक गतिविधिहरू ठप्प भएको चर्चा हुन्छ नि ?

त्यस्तो होइन। हाम्रो संगठन केही समय अप्ठ्यारोमा परेको हो तर हामी फेरि जाग्दैछौं। पार्टीको पहिलो महाधिवेशनको दुई वर्ष भएको छ। दुई प्रदेशमा अधिवेशन सकेका छौं। कोशी र वागमतीमा प्रदेश समिति बनेका छन्। अब गण्डकी प्रदेशमा अधिवेशन गर्दैछौं। युवा र महिलालाई संगठित गर्ने संरचना पनि तयार गरेका छौं। अहिले हामीले प्रचार गर्ने मात्रै भन्दा पनि खुस्कुर आफ्ना संगठनको काम गर्नेमा जोड दिएका छौं।

रवीन्द्र मिश्रको बहिर्गमनपछि विवेकशील साझा निकै कमजोर भयो भन्छिन्। मिश्रको आगमन र बहिर्गमनले के लाभ, हानि के भयो ?

विवेककील नेपाली अभियानको उचाइका आधारमा २०७४ सालको स्थानीय निर्वाचनमा हामीले काठमाडौं महानगरपालिकामा रञ्जु दर्शनालाई मेयरको उम्मेदवार बनाएका थियौं। साझा पार्टीले पनि त्यति नै बेला किशोर थापालाई उम्मेदवार बनायो। यी दुवै उम्मेदवारले ल्याएको मत एकीकृत भएको भए जित निश्चित हुने रहेछ। यही महसुस गरेर दुई पार्टीबीच सहकार्यको ढोका खुलेका हौं। हिजो यी दुई पार्टीले पाएको मत नै पछिल्लो चुनावमा बालेनको पक्षमा खसेको तथ्य छिपेको छैन। रवीन्द्र मिश्रजीकी व्यक्तिगत उचाइले विवेकशील साझा पार्टीलाई लाभ भएको सत्य हो। उहांको व्यक्तित्वले यो अभियानलाई नयाँ उचाइमा पुऱ्याएको हामी स्वीकार गर्छौं। तर, पछि गएर उहाँले नयाँ-नयाँ एजेण्डालाई स्पेस दिएर पार्टीलाई प्रयोगशाला बनाउन खोज्नुभयो। उहांका कारण पार्टीले जे हासिल गरेको थियो त्योभन्दा बढी क्षतिचाहिँ उहाँकै कारणले भयो। राजावादी एजेण्डा बोक्न् नै थियो भने वैकल्पिक राजनीतिलाई उहांले उपयोग नगरेको भए राम्रो हुन्थ्यो जस्तो लाग्छ।

यसको अर्थ मिश्रले विवेकशील साझालाई आफ्नो राजनीतिक करिअरका लागि भऱ्याङमात्रै बनाउनुभयो भन्न खोज्नुभएको हो ?

हामीलाई धेरै शुभेच्छुकहरूले रवीन्द्र मिश्रको नियत चिन्न नसकेको भनेर टिप्पणी गर्नुहुन्छ। हाम्रो पनि कमजोरी भयो होला। यदि राजावादी बनेर परम्परागत राजनीति गर्नु नै थियो भने उहांले वैकल्पिक राजनीतिलाई उपयोग नगरेको भए हुन्थ्यो। राजावादी विचार बोकेर उहांले वैकल्पिक राजनीतिको बाजा बजाउनुभयो। जसले वैकल्पिक राजनीतिका वास्तविक पक्षधरहरूलाई धोकामात्रै दिएन, अप्ठ्यारोमा पनि पाऱ्यो। उहांकै कारण वैकल्पिक राजनीतिको एजेण्डा डिरेल भयो। जानुपर्ने थानकोटतिर भए पनि उहांले वैकल्पिक राजनीतिलाई नगरकोटतिर लानुभयो। हरेक वैठकमा नयाँ एजेण्डा ल्याएर उहांले विवेकशील साझा पार्टीलाई कमजोर बनाउन भूमिका खेल्नुभयो।

अहिले नयाँ पुराना सबै दलहरूले आगामी संसदीय निर्वाचनको तयारी थालिसकेका छन्। विवेकशील साझाले चाहिँ २०८४ को चुनावलाई कसरी लिएको छ ?

हरेक राजनीतिक दलको स्थापना नै जनताकहाँ पुग्ने उद्देश्यले हुन्छ। त्यसैले निर्वाचित भएर योगदान गर्ने उद्देश्य विवेकशील साझाले पनि लिएको छ। हामीले हाम्रा शुभेच्छुकहरूकै आग्रहमा संगठनलाई नयाँ ढंगले अगाडि बढाउँदै छौं। अन्य दलकै हामीले पनि २०८४ को चुनावलाई महत्त्वका साथ लिएका छौं। २०७४ सालमा भन्दा २०७९ सालमा वैकल्पिक राजनीतिको जनमत बढेको देखियो। चौरासीको निर्वाचनमा त्यो जनमत अझ बढ्नेवाला छ। त्यसैले वास्तविक वैकल्पिक राजनीतिक दलका रूपमा हामीले विवेकशील साझालाई अगाडि बढाउँदै छौं।

वैकल्पिक राजनीतिको स्पेस बढ्यो भन्नुहुन्छ तर वैकल्पिक हौं भन्ने तपाईंको पार्टीचाहिँ खुम्चेको देखिन्छ। यस्तो किन भयो ?

नागरिकले सबैभन्दा पहिला वैकल्पिक राजनीतिलाई बुझिदिनुपऱ्यो। वैकल्पिक राजनीतिको आवरणमा जोकोही पपुलिस्ट आउन सक्छ। पपुलिस्ट र वैकल्पिक राजनीति फरक हो। पपुलिस्ट मुद्दा बोकेर कोही वैकल्पिक हुँदैन। सबै नयाँ राजनीतिक पार्टी वैकल्पिक होइन। वाहिर हुँदा एउटा एजेण्डा बोक्ने तर सत्तामा हुंदा पुराना दलमन्दा खराब काम गर्नेहरू वैकल्पिक शक्ति होइनन्। कुनै व्यक्तिको प्रभाव बढाउन वा शक्ति हासिल गर्नका लागि पुराना दलहरूसरह काम गर्ने पार्टी वैकल्पिक होइन। पुरानै दलले जस्तो काम गर्ने नयाँ पार्टी नै चाहिँदैन। त्यसैले वैकल्पिक राजनीतिको स्पेस चाहिँ वास्तविक वैकल्पिक शक्ति प्राप्त गर्ने वातावरण बन्नुपर्छ। हामीले नेपालमा वैकल्पिक राजनीतिको प्रवर्द्धन गरेका हौं। तसर्थ त्यो स्पेस हासिल गर्ने गरी हामी काम गर्छौं।

वैकल्पिक राजनीतिको जुन स्पेस हो त्यो राष्ट्रिय स्वतन्त्र पार्टीले लिइसकेको छैन र ?

रास्वपा स्वाभाविकरूपमा नयाँ उदयीमान पार्टी हो। बितेको दश वर्षमा विवेकशील साझाले निर्माण गरेको वैकल्पिक राजनीतिको जनमत नै रास्वपाले हासिल गरेको हो। विवेकशील साझा पार्टी विभाजनपछि कमजोर अवस्थामा रहेको बेलामा वैकल्पिक राजनीतिको मत रास्वपाले हासिल गरेको हो। यद्यपि रास्वपा वैकल्पिक शक्ति होइन भन्ने कुरा उसकै व्यवहारले पुष्टि भइरहेको छ। रास्वपाले अहिलेसम्म महाधिवेशन पनि गरेको छैन। उहांहरूको राजनीतिक सिद्धान्तप्रति अझै प्रश्न उठिरहेको छ। संसद्मा २१ जना सांसद भए पनि रास्वपा राजावादी हो कि गणतन्त्रवादी हो कि माओलेवादी हो भनेर जवाफ आइरहेको छैन। त्यसैले वैचारिक प्रष्टताविना रास्वपा वैकल्पिक शक्ति वन्न सक्दैन। रास्वपा छोटो समयमै सत्तामा पुगेको दल पनि हो। सत्तामा पुगेर उसले के काम गऱ्यो भन्ने पनि जनताले बुझेका छन्। पुराना दलहरूकै अनुकरण गरेको आरोप रास्वपामाथि छ। त्यसैले वैकल्पिक राजनीतिको स्पेस रास्वपाले लिइसक्यो भन्नु हतारको विश्लेषण हुन्छ। चौरासीको चुनावमा त्यो स्पेस लिन हामी प्रयत्न गर्छौं।

वैकल्पिक राजनीति जनतालाई डेलिभरी दिने विषयसँग सम्बन्धित छ भन्नुहुन्छ। के गर्दा जनतालाई डेलिभरी दिन सकिन्छ ?

जनताले राज्यवाट न्यूनतम सेवा सुविधा हासिल गर्नुपऱ्यो। खासगरी शिक्षा, स्वास्थ्य र रोजगारको सुनिश्चितता राज्यवाट हुनुपऱ्यो। जनतालाई डेलिभरी दिनका लागि सरकारले दिगो र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा जोड दिनुपर्छ। त्यसका लागि दर्जनौं क्षेत्रमा काम गरेर हुँदैन। विशिष्टीकृत विषयमा केन्द्रित भएर काम गर्नुपर्छ। हामीले अहिले चारवटा महत्त्वपूर्ण विषयलाई अगाडि सारेका छौं। जलविद्युत्, कृषि, पर्यटन र सूचना प्रविधि। यी चार क्षेत्रलाई विशेष प्राथमिकता दिने हो भने नेपालले छिट्टै आत्मनिर्भर अर्थतन्त्र बनाउन सक्छ। त्यसको जगमा उभिएर जनतालाई बढीभन्दा बढी सुविधा दिन सकिन्छ। नेपालको पर्यटकीय सम्भावना, नेपालको कृषि क्षेत्रको सम्भावना, ऊर्जा उत्पादनको क्षमता र सूचना प्रविधिको क्षेत्रमा देखिएका सम्भावनालाई हामील प्रवर्द्धन गर्नुपर्छ। त्यसवाट राज्य आत्मनिर्भर वन्ने र रोजगारी सिर्जना हुने वातावरण वन्छ। जव सामान्य जीवनयापनका लागि नागरिकलाई चिन्ता नहुने स्थिति वन्छ तव व्यवस्था पनि वलियो वन्छ। आजसम्म हामीले हाम्रै सम्भावना नचिनेर पनि दुःख पायौं। यसर्थ सरकारले आफ्नो प्राथमिकता चिनेर सही लगानी गऱ्यो भने जनतालाई सुविधा दिन सकिन्छ। त्यस्तै विधिको शासन, सुशासन कायम गर्न राजनीतिक दल र सरकार जिम्मेवार हुने हो भने जनतामा छाएकी निराशा हटाउन सकिन्छ।

सुरक्षा भत्ताका लागि पालिकामै परिचयपत्रको विवरण संकलन

निरोज कोइराला/भोजपुर। भोजपुरको उत्तरमा रहेको साल्पासिलिछो गाउंपालिकामा राष्ट्रिय परिचयपत्रका लागि विवरण संकलन गरिएको छ। सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई लक्षित गरी राष्ट्रिय परिचयपत्रको विवरण संकलन थालिएको हो।

गाउंपालिकाले इलाका प्रशासन कार्यालय दिङ्लाको समन्वयमा पालिकामा नै विवरण संकलनका लागि घुम्ती शिविर सञ्चालन गरेको छ।

पालिकाभित्रका नागरिकहरूले राष्ट्रिय परिचयपत्रका लागि इलाका प्रशासन कार्यालय दिङ्ला नै धाउनुपर्ने बाध्यता रहेकाले सो समाधानका लागि घुम्ती शिविरमार्फत् विवरण संकलन गरिएको पालिका अध्यक्ष दौलत कुलुङ राईले बताउनुभयो। शिविरमा २०७ जनाको विवरण संकलन गरिएको छ।

गाउंपालिकाको केन्द्र चौकीडांडामा सञ्चालन भएको शिविरमा इलाका प्रशासन कार्यालय दिङ्लाका प्रमुख विनोद अधिकारीसहितको टोलीले लाभग्राहीको राष्ट्रिय परिचयपत्रका लागि विवरण संकलन गरेको थियो। विवरण संकलनका लागि इलाका प्रशासन धाउनुपर्ने बाध्यता हटेकोमा पालिकावासी नागरिक पनि उत्साही देखिएका छन्।

पौडी खेल्ने क्रममा डुबेर तीनजनाको मृत्यु

हेटौंडा। मकवानपुरको इन्द्रसरोवर गाउंपालिका-३ सिस्नेरीस्थित कुलेखानी खोलानजिकै पानी जमेको दहमा डुबेर तीनजनाको मृत्यु भएको छ।

मृत्यु हुनेहरूमा सोही ठाउं बस्ने सुन्दर आचार्यका छोरा १५ वर्षीय सुशान्त आचार्य, काभ्रे नमोबुद्ध नगरपालिका-१० फुलवारी दाप्चा घर भएका उमेश घोरासैनीका छोरा १४ वर्षीय प्रवेश घोरासैनी र उहाँकै भाइ ११ वर्षीय प्रभात घोरासैनी रहेका छन्।

सोमवार साँझ पौडी खेल्ने क्रममा डुबेर अशक्त भएका उनीहरूको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ललितपुरमा उपचारका क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

भूल सुधार गरिएको

मिति २०८१/१२/१७ गते **हिमालय टाइम्स दैनिकमा देवघाट गाउँपालिका**को प्रकाशित सूचनामा ठेक्का नं **१७/२०८१/०८२** को कर्यान अंकको कोलममा **रु. ३३,१०,०००।००** हुनु पर्नेमा अन्यथा भएकोले भूल सुधार गरिएको व्यहोरा सम्बन्धीत सबैलाई जानकारी गराईन्छ।

दुईजना बालिका बलात्कृत, आरोपी पक्राउ

इलाम। इलामका दुईजना नाबालिकाहरूलाई जबरजस्ती करणी गर्ने दुईजना अभियुक्तलाई पक्राउ गरिएको छ। पक्राउ पर्नेहरूमा इलाम नगरपालिका-४ बरञोटे बस्ने २२ वर्षीय दीपेश नेपाली र चुलाचुली गाउंपालिका-६ तोरीवारी बस्ने ५१ वर्षीय हेमवहादुर विश्वकर्मा रहेका छन्। नाबालिकालाई ललाइफकाई धाकधम्की दिई पटक-पटक जबरजस्ती करणी गरेको अनुसन्धानवाट खुल्न आएको छ। घटनाको जानकारी प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय इलाम र अस्थायी प्रहरी पोस्ट विब्ल्याटेवाट चैत १४ गते प्रहरी टोली खटिएर आफ्नै गाउंघरमा लुकिछिपी बसेको अवस्थामा नेपालीलाई पक्राउ गरेको थियो। त्यस्तै, जबरजस्ती करणी गरेको अभियोगमा अर्को व्यक्ति पनि पक्राउ परेका छन्।

Kanti Highway Road Project
Chakupat Lalitpur

PRICE BID OPENING NOTICE

Date of Publication: 2081-12-20

Pursuant to rule No. 31 (Ja), Sub - rule No. (5) of PPR - 2064, it is notified to all the concerned bidders that, price bids of the following works will be opened publicly as per below table. Representatives of Substantially Responsive Bidders in technical evaluation are invited for the price bid opening.
Name of the Contract: Road Upgrading Works along Kanti Highway from Chainage 65+000 (Takhurche) to 71+000 (Tinpane) (Contract ID: KHRP/NCB/ Works/33701104/ 081/82-03)

Substantially Responsive Bidder in Technical Evaluation		Price Bids Opening Schedule
1. Taksar - Aman - Siddhakali J.V. 2. Jagriti - United Shine - Dhoom J.V. 3. PIC/Shivam/K. D Construction J.V. 4. Marseli - Red Earth - Prakash Tara J.V. 5. Anil Multi Company/ Krishna Laxmi J.V. 6. Bhandari / Amarjyoti J.V. 7. PCPL/ACPL J.V.	8. Drama - Kantipath J.V. 9. Satyawati Construction Pvt. Ltd. 10. High Himal Hydro Construction Pvt. Ltd. 11. Pandey and Company Pvt. Ltd. 12. Shanti - Shailendra & Sons J.V. 13. P.K. - Alakapuri J.V.	Venue: Kanti Highway Road Project Office, Lalitpur Date: 2081/12/27 (9th April 2025) Time: 11:00 Hours (NST)

Project Chief

Bhagwanpur Rural Municipality
Office of the Municipal Executive
Bhagwanpur, Siraha
Madhesh Province, Nepal

Invitation for Bids No: 08-081-82

Date of Publication : 2081/12/19 (01April 2025)

1. Bhagwanpur Rural Municipality Invites electronic bids from eligible bidders for following works:

Contract Number	Description and location of work	Bid Security Amount (NRs)	Bid Security Validity Period	Bid document Fee NRs.	Bid Submission Deadline	Bid Opening Date and Time
BRM/NCB/ WORK/01/ 2081/082	Constructruction of Pond Beautification at Bhagwanpur Rural Municipality	6,00,000.00	120 days	5,000.00	2082/01/17 (30 April 2025) 12:00 Hrs.	2082/01/17 (30 April 2025) 13:00 Hrs

2. Account Details for Bid Document Fee and Bid Security Deposit :

Revenue a/c No.	0362056500002001	Office code	
Revenue Heading No.		Bank	NIC Asia Bank Ltd, Bhagwanpur, Siraha
Name of Office	Bhagwanpur Gaupalika Bhagwanpur, Siraha		
Deposit A/c No.	0362056500002003	Office code	
Name of Office	Bhagwanpur Gaupalika Bhagwanpur, Siraha		
Bank	NIC Asia Bank Ltd, Bhagwanpur, Siraha		

3. Eligible Bidders may obtain further information at Bhagwanpur Rural Municipality. (Mob. no.9852834924) or may visit PPMO's website http://bolpatra.gov.np/egp.

Chief Administrative Officer